दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.:०८२/८३
च.नं.: ११८६
हेकुली , दाङ
लुम्बिनी प्रदेश , नेपाल
ईमेल:info@dangisharanmun.gov.np
गुगल प्लस कोड:36W4+H5M

मिति: २०८२/१२/०२

श्री सबै वडा कार्यालयहरु ,
दंगीशरण गाउँपालिका , दाङ ।

विषयः- बेरोजगार सूचीकरण सम्बन्धमा

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८२/१२/०१ गतेको न्यूनतम रोजगारी कार्यक्रममा सहभागी हुन बेरोजगार सूचीकरण सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

उक्त सूचना बमोजिम रोजगारीको खोजिमा रहेका,संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रममा सहभागी हुन इच्छुक तहाँ वडामा स्थायी रुपले बसोबास गर्ने व्यक्तिहरुले बेरोजगार सूचीकरण प्रक्रियामा सहभागी हुन पेश गरेको निवेदन संकलन गर्न सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

कर्ण बहादुर नेपाली
प्रमुख प्रकाशकीय अधिकृत

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली , दाङ
लुम्बिनी प्रदेश , नेपाल

ईमेल:info@dangisharanmun.gov.np
गुगल प्लस कोड:36W4+H5M

प.सं.:०८२/८३
च.नं.:

मितिः २०८२/१२/०१

## न्यूनतम रोजगारी कार्यक्रममा सहभागी हुन बेरोजगार सूचीकरण सम्बन्धी सूचना

नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको रोजगारीको हक कार्यान्वयन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र सो सम्बन्धी नियमावली, २०७५ को व्यवस्था बमोजिम हाल *राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२* कार्यान्वयनमा रहेको छ। निर्देशिकाको दफा १५ मा रोजगारीको खोजिमा रहेका व्यक्तिको अभिलेख र दफा १७ मा न्यूनतम रोजगारीको लागि सूचिकरणको व्यवस्था रहेको छ ।

आगामी आ.व. ०८३/८४ मा यस दंगीशरण गाउँपालिकामा हस्तान्तरण हुने संघीय सरकारको न्यूनतम रोजगारी कार्यक्रमका लागि मात्र लागू हुने गरी सहभागी हुन इच्छुक रोजगारीको खोजिमा रहेका व्यक्तिहरुले २०८२ साल चैत्र मसान्त भित्र आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा बेरोजगार सूचीकरण प्रक्रियामा सहभागी हुन निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः

- १८ देखि ५९ बर्ष उमेर समूहको
- पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको

आवश्यक कागजातः

- निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एक थान
- बसाईसराई प्रमाणपत्रको प्रतिलिपी (नागरिकता जारी जिल्ला फरक भएमा)

*निवेदन फारम वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ*

दुर्गा बहादुर नेपाली
प्रमुख प्रशासकीय अधिकृत